# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं आश्विन १५ गते ०८ साल [ संख्या १

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायको क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १
- ( क ) सरकारी घोषणा, इश्तिहार इत्यादि ।
- ( ख ) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि।
- ( ग ) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोर्ट इत्यादि ।
- ( घ ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।
- ( ङ ) कायममुकायम तैनाथी इत्यादि ।
- ( च ) न्यायालयको विज्ञप्ति इत्यादि ।
- ( छ ) जेल, पुलिस आदिको विज्ञप्ति इत्यादि ।
- ( ज ) साधारण सूचना, उर्दी इत्यादि ।
- ( झ ) जन्म मरणको संख्या ।
- ( ञ ) हल्लाको खण्डन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( ट ) अफिसरहरुको बिदा ।
( ठ ) श्री ५ र मन्त्रीहरुको यात्रा, शुभेच्छा मण्डल आदिको कार्यक्रम ।
( ड ) पब्लिकसर्भिस कमिशनको सूचना ।
( ढ ) इलेक्सन कमिशनको सूचना ।

भाग २ ( क ) अर्थविभागसम्बन्धी विज्ञप्ति ।
( ख ) सरकारी ब्याङ्क, मुलुकीखाना, कौसी आदिको प्रकाशित, प्रचलित, मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ ( क ) उद्योग वाणिज्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।
( ख ) नियन्त्रित बजार भाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ ( क ) खाद्य कृषिसम्बन्धी सूचना इत्यादि ।
( ख ) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि ।

भाग ५ ( क ) शिक्षासम्बन्धी सूचना ।
( ख ) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ ( क ) स्वायत्त शासनसम्बन्धी प्रबन्ध, सूचना इत्यादि ।
( ख ) नगरपञ्चायत ।
( ग ) ग्रामपञ्चायत ।

भाग ७ ( क ) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
( ख ) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति सूचना इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १
# बीर्ता खारेजको
## सूचना

बीर्ता खारेज गर्ने बारेमा २००८ साल आश्विन १० गतेको मन्त्रिमण्डल-को बैठकमा प्रस्ताव पेश भै छलफल हुँदा बीर्ता खारेज गर्ने सर्वसम्मतिबाट स्वीकृत भयो। तर बीर्ता धेरै किसिमको भएको हुनाले सो किसिम छुट्याई कार्यान्वित गर्नलाई कुन हिसाबसंग कसरी गर्ने हो, त्यस बारेको योजना जति सक्यो उति चाँडै तयार हुँदै गएजति मन्त्रिमण्डलभा पेश गर्नाको निमित्त अर्थमन्त्रालयलाई आदेश दिने निर्णय भएको हुनाले यो सूचना प्रकाश गर्ने काम भएको छ।

गृहमन्त्रालय.

## सूचना

२००८ भाद्र १ गतेदेखि नै दर्शन-भेट टीका-भेट, फत्ते मुबारक, तेल-बत्तीसमेत रकम र सलामीसमेत कट्टा गर्नुपर्दैन भन्ने निर्णय भएको अर्थविभागबाट लेखी आएको हुनाले सोबमोजिम गर्ने आदेश भएको छ।

गृहविभाग.

## सूचना

२००८ साल भाद्र २२ गते शुक्रवारको मन्त्रिमण्डलको बैठकमा अर्थ-मन्त्रालयको प्रस्तावउपर विचार भई तल लेखिएबमोजिम निर्णय भयो।

१ नेपाल राजभरका हाकिम कारिन्दाहरुलाई अब उप्रान्त दर्शन-भेट सलामी नलाग्ने।

२ श्रीकुमारीचोक बही बुझ्ने अड्डाहरुले ढपोटपीछे रु. १ सलामी लिई कम्याण्डर इनचीफकहाँ जाने गरेको रकम अब उप्रान्त नलाग्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ जिमीन्दार पटवारीहरुलाई लाग्ने गरेको दस्तुर जो श्री ३ महाराज, श्रीकम्याण्डर इनचीफकहाँ जाने गरेको थियो, सो अब उप्रान्त कसैलाई नलाग्ने ।

गृहविभाग

# बिदाको सूचना

दशैं तिहारमा साबिकको सवाल खारेज गरी देहायबमोजिमको बिदा दिने सदर भएको छ ।

## बडादशैं—

शिक्षाविभाग र अदालतका गैन्ह कर्मचारीहरुलाई घटस्थापनादेखि कोजाग्रत पूर्णिमातक ।

अरुलाई घटस्थापनाको दिन १ र सप्तमीदेखि कोजाग्रत पूर्णिमातक ।

द्वितीयादेखि षष्ठीसम्मलाई साबिकमा ११ बजेदेखि ५ बजेसम्म अड्डा लाग्ने भएकोमा १२ बजेदेखि ५ बजेसम्म हाजीर गराउने ।

## तिहार—

लक्ष्मीपूजादेखि भाइटीकातक ।

## सामेल—

सप्तमीको दिन फूलपातीको निमित्त बिदामा बसेका बाहेक अरु निजामतीमा ८००र ८००। देखि माथि खानेहरुलाई हुनेले कल्की पगडी, नहुनेले व्याजवाल टोपी आफूखुसी लुगामा हनुमानढोकामा सामेल हुने।

हीराको चाँद लाउनेहरुमा साबिकमा दिई आएकाहरुले कोतमा मोरु ८। भेटी र पूजासामासहित ली कल्की पगडीमा कोतमा सामेल हुने ।

टीका—बडादशैंको दिन सुनको तोडा लाउने र त्यसदेखि माथि अर्थात्

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८०० र ८०० देखि माथि खाने गैह्र जागीरदारहरुले श्री ५ मह।राजाधिराजका दरबारमा टीका थापलाई हुनेले कल्की पगडी नहुनेले व्याजवाल टोपी र आफूखुसी लुगामा सामेल हुने ।

प्रधानमन्त्रीलगायत अरु मन्त्रीहरुकहाँ सामेल हुनु नपर्ने

आज्ञाले

४ भाग

## सूचना

भाद्र ११ गतेको गजेटमा सेनोमेटो ग्राफको सूचनाको दफा (२)मा उक्त प्रत्येक सदस्यले एक फिल्ममा रू १०। का दरले फीपाउनेछन् भनी लेखिएकोमा ठूलो सानुमा एकै दर हुने देखिएकाले पछि सो कुरा मंत्रिमण्डलमा छलफल हुँदा तल लेखिएबमोजिम निर्णय भएकोले यो सूचना जारी गरिएको छ ।

१ सेन्सर बोर्डका सदस्यहरुले १६ मिलिमीटरमा जनही रू ५। का दरले मात्र फी पाउने ।

२ त्यसभन्दा ठूलोमा अघि सूचना भएबमोजिम रु. १०। का दरले फी पाउने

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

८२